नेपाल सरकार

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

# राष्ट्रिय बाल अधिकार परिषद्

पुल्चोक, ललितपुर

## २०७७ कात्तिक महिनाको कार्य सम्पादन सम्बन्धी सार्वजनिक जानकारी-पत्र

वर्ष-१ अंक-४

### १. परिचय

राष्ट्रिय बाल अधिकार परिषद्, बालबालिकाको हक हित संरक्षण र प्रवर्धन गर्न बालबालिका सम्बन्धी ऐन, २०४८ अनुसार स्थापित तत्कालीन केन्द्रीय बाल कल्याण समितिलाई रूपान्तरण गरी बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ५९ बमोजिम नेपाल सरकार महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रीको अध्यक्षतामा गठन भएको बालबालिका सम्बन्धी विशिष्टीकृत निकाय हो ।


### २. उद्देश्यहरू: परिषद्को मुख्य मुख्य उद्देश्यहरू निम्नानुसार रहेका छन् ।

- बालबालिकाको अधिकार तथा हक, हितको संरक्षण र सम्वर्धन गर्ने,
- बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्धन र परिपूर्तिका लागि आवश्यक नीति, कानून, योजना, कार्यक्रम र संस्थागत संयन्त्रको व्यवस्था गर्न नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहलाई सुझाव दिने,
- राष्ट्रिय बाल संरक्षण प्रणाली सुदृढ र सवल बनाउन सहजीकरण गर्ने र बालबालिका सम्बन्धी कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा समीक्षा गरी सुझाव दिने,
- बाल अधिकार संरक्षण तथा प्रवर्धनका लागि सरोकारवालाको क्षमता विकास तथा अभिवृद्धि गर्ने,
- बालबालिका खोजतलास निःशुल्क टेलिफोन नं. १०४ र बाल हेल्पलाइन निःशुल्क टेलिफोन नं. १०९८ को सञ्चालन तथा व्यवस्थापन सहकार्य तथा सहजीकरण गरी हराएका, वेवारिस फेला परेका, जोखिममा परेका बालबालिकाको खोजतलास, उद्धार, संरक्षण तथा व्यवस्थापन गर्ने,
- बाल संरक्षण तथा बाल अधिकार प्रवर्धनका लागि वैदेशिक अनुदान सहायता समेत परिचालन गरी आवश्यकतानुसार कार्यक्रम सञ्चालन गर्ने र प्राथमिकताको आधारमा लक्षित कार्यक्रम तथा अभियान सञ्चालन गर्ने,
- बालबालिका सम्बन्धी सचेतना मूलक सन्देश जागरण अभिवृद्धिको प्रसार प्रसार र प्रकाशन गर्ने,
- बालबालिका सम्बन्धी राष्ट्रिय सूचना प्रणालीको विकास, सञ्चालन, व्यवस्थापन तथा सुदृढीकरण गर्ने र बालबालिकाको अवस्था तथा बाल अधिकार सम्बन्धी राष्ट्रिय स्थिति प्रतिवेदन वार्षिक रूपमा प्रकाशन गर्ने ।

### ३. परिषदबाट २०७७ कातिक महिनामा सम्पादन भएका कार्यहरू

#### बाल संरक्षण सम्बन्धी कार्यहरू

(क) परिषद्ले बालबालिका खोजतलास समन्वय केन्द्र नं. १०४ मार्फत देशभर यस महिनामा हराएका २२८ (४५ बालक, १८३ बालिका) जना बालबालिकाको खोजतलास गरी ८१ (१८ बालक, ६३ बालिका) जना बालबालिका फेला पारी परिवारमा पुनर्मिलन गरिएको छ। यस आ.व.को गत महिनाहरूमा खोजतलास जारी रहेकामध्ये थप ४६ जना (बालक-६, बालिका-४०) गरी कूल १२७ जना (बालक-२४, बालिका-१०३) बालबालिका फेला पारी परिवारमा पुनर्मिलन गरिएको । त्यसैगरी १२ जना (५ बालक र ७ बालिका) बालबालिकालाई वेवारिसे अवस्थामा फेला पारी ७ जनालाई (३ बालक र ४ बालिका) पारिवारिक पुनर्स्थापना गरिएको छ भने ५ जना (२ बालक र ३ बालिका) लाई अस्थायी संरक्षण सेवा प्रदान गरिएको छ। प्रदेशगत रूपमा हराएका र हराएर फेला परेका बालबालिकाको विवरण तलको ग्राफमा प्रस्तुत गरिएको छ ।



(ख) यस महिनामा १३ जना सडक बालबालिका (बालक-१२, बालिका-१) को उद्धार गरी २ जना (बालक-१ बालिका १) लाई परिवारमा पुनर्मिलन गरिएको, ११ जना बालकलाई अस्थायी सेवा संरक्षण केन्द्रमा संरक्षण व्यवस्थापन गरिएको ।

(ग) परिषद्ले बाल हेल्पलाईन नं. १०९८ नेपाल सञ्चालन गर्न अनुमति प्राप्त साझेदार विभिन्न ७ वटा सामाजिक संघ संस्थाको सहकार्यमा सञ्चालित बाल हेल्पलाइन नं. १०९८ बाट हालसम्म कुल २२७५ जना बालबालिकालाइ सेवा प्रदान गरिएको छ । बाल हेल्पलाइन नं. १०९८ मोरङबाट १, उदयपुरबाट ३, मकवानपुरबाट १२, काठमाडौंबाट ३, कास्कीबाट ३, सुर्खेतबाट ४, र कैलालीबाट १ गरी कूल २७ जना (बालक-१२, बालिका-१५) जोखिम, हिंसा तथा दुर्व्यवहारमा परेका बालबालिकाको उद्धार गरी संरक्षण व्यवस्थापन गरिएको छ । उद्धार गरिएका मध्ये २५ बालबालिका (८ बालक र १७ बालिका) लाई परिवारमा पुनर्मिलन गरिएको छ भने १ बालक र १ बालिका गरी २ जनालाई अस्थायी संरक्षण केन्द्रमा राखिएको छ। बालबालिकालाई तलको तालिकामा उल्लेख गरे बमोजिमको सहयोग उपलब्ध गराइएको छ ।

| क्र.स. | **सहयोगको विवरण** | बालक | बालिका | जम्मा |
|---|---|---|---|---|
| १ | स्वास्थ्य उपचार सहयोग | ४२ | ५४ | ९६ |
| २ | मनोसामाजिक मनोविमर्श | ३३० | ३५८ | ६८८ |
| ३ | पारिवारिक परामर्श | १४३ | २१२ | ३५५ |
| ४ | कानूनी परामर्श | ३१ | ९५ | १२६ |
| ५ | स्याहार, सुरक्षा तथा संरक्षण सहयोग | ३२७ | २९५ | ६२२ |
| ६ | शैक्षिक सहयोग | ५९ | ८० | १३९ |
| ७ | बाल विवाह रोकथाम सहयोग | १८ | ७६ | ९४ |
| ८ | आयआर्जन सहयोग | १० | १६ | २६ |
| ९ | अन्य सहयोग पारिवारिक अनुगमन, | ४१ | ८८ | १२९ |
|  | **जम्मा** | १००१ | १२७४ | २२७५ |

३ सय ९६ जना (बालक १३८ र बालिका २५८) बालबालिकालाई आवश्यक राहत, मनोविमर्श लगायतका सहयोग उपलब्ध गराइएको छ।

(घ) परिषदले काठमाडौं जिल्लाको बुढानिलकण्ठ क्षेत्रमा सञ्चालित ७ वटा बालगृहमा स्थलगत अनुगमन गरी ती बालगृहहरुमा अश्रित रहेका ४६ बालक र ४६ बालिका गरी ९२ जना बालबालिकाको अवस्था अनुगमन गरेको छ । बुढानिलकण्ठ नगरपालिकासँगको सहकार्यमा उक्त क्षेत्रभित्रका बालगृहको अनुगमन गरिएको हो । अनुगमन गरिएका बालगृहहरुलाइ प्रतिवेदनका अधारमा निर्देशन तथा सुझाव प्रदान गरिएको छ ।

(ङ) काठमाण्डौ महानगरपालिका वडा नं १३ स्थित एक घरमा घरेलु कामदारको रूपमा रहेकी एक बालिकलाइ उद्धार गरी अस्थायी संरक्षण सेवा प्रवन्धमा राखिएकोमा मिति २०७७ कार्तिक ६ गते श्रम तथा रोजगार कार्यालय कार्यालय, काठमाण्डौमा भएको वार्ता/छलफलबाट निज बालिकालाइ पीडकबाट क्षतिपुर्ति वापत रू. २५ हजार उपलब्ध गराइएको छ । प्रचलित कानून बमोजिम श्रम तथा रोजगार कार्यालयले कारवाहीको प्रक्रिया अगाडी बढाएको छ ।

(च) काठमाण्डौ महानगरपालिका वडा नं. ९ स्थित एक सवारी साधन वर्कसपमा काम गर्ने वर्ष १३ को बालकलाइ राष्ट्रिय बाल अधिकार परिषद्को नेतृत्वमा बाल हेल्पलाइन नेपाल (१०९८) र बालबालिका खोजतलास समन्वय केन्द्र (१०४) मार्फत उद्धार गरी काठमाण्ठौ महानगरपालिका वडा नं. ९ को रोहबरमा उक्त बालकलाइ निजको आमाको जिम्मा लगाइएको छ ।

(छ) सिरहा गोलबजारमा मानसिक स्वास्थ्य अवस्था कमजोर भइ जोखिमपूर्ण अवस्थामा रहेकी महिला करिब २ वर्षको शिशु सहित सडकमा बसेको जानकारी पश्चात माननीय मन्त्री एवम् राष्ट्रिय बाल अधिकार परिषद्का अध्यक्षज्यूको निर्देशनमा राष्ट्रिय बाल अधिकार परिषद्ले मानव सेवा आश्रमसँगको समन्वयमा तत्काल संरक्षण र औषधोपचारका लागि व्यवस्थापन गरेको छ ।

(ज) परिषदले नेपाल प्रहरीको सहयोगमा यस महिनामा काठमाडौं जिल्लाका विभिन्न स्थानमा बेवारिसे तथा अलपत्र अवस्थामा फेला पारेको ३ जना बालकलाइ उद्दार गरेको छ । २ जना ४-५ दिनको नवजात शिशुलाई बालबालिका खोजतलास समन्वय केन्द्रको समन्वयमा नेपाल बाल संगठन नक्सालमा स्थायी संरक्षण का लागी पठाईएको छ भने १ जना अन्दाजी ३ वर्षको बालकलाई केही दिन अस्थायी संरक्षण केन्द्रमा राखी परिवारको खोजतलास पश्चात निजको बाबुलाई जिम्मा लगाईएको छ।

(झ) महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय बाल अधिकार परिषद, आफन्त नेपालको लगायतको सहकार्यमा भारतको गजियाबादबाट उद्धार गरी फर्काइएका १९ जना बालकलाई परिवारमा पुनर्मिलन गराएको छ । नवलपरासी र दाङ जिल्लाका १३ देखि १७ बर्ष उमेरका २० बालबालिका मानव तस्करले काममा लगाई दिने प्रलोभनमा पारी लगेको बुझिएको छ।

(ञ) आमा बाबुको सम्बन्ध विच्छेद पश्चात रामेछाप जिल्ला सुनापती गाउँपालिकाकी एकजना बालिकालाई आमालाई भेट्न नदिएको, फोनमा पनि बोल्न नदिएको लगायतको गुनासो आएकोमा परिषदले स्थानीय तहसँग समन्वय गरी बालिकासँग आमाको भेटघाट गर्ने प्रवन्ध मिलाएको छ ।

(ट) सर्लाहीको १५ बर्षिया बालिका बलात्कार पश्चात ५ महिनाको गर्भवती अवस्थामा सेफ हाउसमा रहेकी र उक्त बालिकाका कानूनी सहयोगका लागि परिषदमा अनुरोध भइ आएकोमा बालिकालाई अस्थायी संरक्षण केन्द्रमा आवश्यक व्यवस्थापन गर्नुका साथै कानूनी सहायतको लागि समेत प्रवन्ध मिलाएको छ ।

## बैठक तथा नियमन सम्बन्धि कार्यहरू

(क) बाल हेल्पलाइनको विस्तार तथा सञ्चालन अनुमतिका लागि मन्त्रालयमा सिफारिस गर्ने र खर्चको सीमा निर्धारण गर्ने विषयमा बाल हेल्पलाईन राष्ट्रिय समन्वय समितिको बैठक



सम्पन्न भएको छ ।उक्त वैठकमा १८ जिल्लामा बाल हेल्पलाइन सञ्चालन अनुमतिका लागि मन्त्रालयमा सिफारिस गर्ने, बाल हेल्पलाइन सञ्चालनका लागि आवश्यक खर्चहरुको सीमा निर्धारण गर्ने र बाल हेल्पलाइन नं. १०९८ नेपाल सञ्चालन कार्यविधि २०७६ संशोधन गर्ने विषयमा छलफल भएको छ । विगत ६ वर्ष पछि बाल हेल्पलाइन राष्ट्रिय समन्वय समितिको बैठक हाल सम्पन्न भएको छ ।

(ख) सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापनमा सहकार्यका लागि संस्था छनौट गर्ने विषयमा सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन राष्ट्रिय समन्वय समितिको बैठक सम्पन्न भएको छ । उक्त वैठकमा सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापनमा सहकार्यका लागि ८ वटा संस्था छनौट गर्ने, सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन कार्यविधि २०७६ संशोधन गर्ने विषयमा छलफल भएको छ ।

(ग) बालबालिका खोजतलास समन्वय केन्द्रको सबलीकरणका गर्ने, क्षमता अभिबृद्धि गर्ने विषयमा बालबालिका खोजतलास समन्वय केन्द्र नं. १०४ राष्ट्रिय समन्वय समितिको बैठक सम्पन्न भएको छ । उक्त वैठकमा बालबालिका खोजतलास समन्वय केन्द्रको लागि अस्थायी संरक्षण सेवाको प्रवन्धका लागि स्थान तथा भवन खोजीका लागि मन्त्रालयमा सिफारिस गर्ने, बालबालिका वेवारिस हुन नदिन रोकथाममूलक कार्यक्रम सञ्चालनका लागि नेपाल प्रहरीमा समन्वयका लागि मन्त्रालयमा सिफारिस गर्ने, विगतदेखि हराएको अभिलेखमा रहेका बालबालिकाको तथ्याङ्को अद्यावधिक गर्न नेपाल प्रहरीमा समन्वयका लागि मन्त्रालयमा सिफारिस गर्ने लगायतका विषयमा छलफल भएको छ ।

बालबालिका खोजतलास केन्द्र (१०४) राष्ट्रिय समन्वय समितिको विगत ४ वर्ष पछि बैठक सम्पन्न भएको छ।

## समन्वय तथा सहकार्यसम्बन्धी कार्यहरू

(क) प्रदेश नं. १ को मूख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय,सामाजिक विकास मन्त्रालय र प्रदेश नीति तथा योजना आयोग, प्रदेश नं. २ को सामाजिक विकास मन्त्रालय र बागमती प्रदेशको सामाजिक विकास मन्त्रालय तथा प्रदेश नीति तथा योजना आयोग संस्थागत रूपमा प्रत्यक्ष भेटघाट, छलफल सम्पन्न भएको छ ।





(ख) तीन वटै प्रदेश सरकारसँग देहायका विषयहरूमा छलफलमा भएको छः

- बाल हेल्पलाईन (१०९८) सेवाको विस्तार तथा सवलीकरणका लागि प्रदेश सरकारबाट थप लगानी, प्रोत्साहन तथा अनुगमन र समन्वयका कार्यहरु ।
- बालबालिका खोजतलास समन्वय केन्द्र (१०४) को सवलीकरण तथा प्रभावकारी परिचालनका लागि थप लगानी, क्षमता विकास तथा अनुगमन र समन्वयका कार्यहरु ।




- प्रदेश अन्तर्गत प्रदेश बाल अधिकार समितिको गठन, सचिवालयको स्थापना तथा प्रभावकारी परिचालन ।
- प्रदेश बाल अधिकार समिति तथा राष्ट्रिय बाल अधिकार परिषद् बिच नियमित समन्वय र सहकार्यको कार्यक्रमिक योजनाहरु ।
- प्रदेश बाल अधिकार समिति अन्तर्गत बालकोषको स्थापना तथा सञ्चालन ।

उक्त छलफलबाट प्रदेश तथा संघीय तहको समन्वयका लागि सातै प्रदेशका प्रदेश योजना आयोगका माननीय उपाध्यक्षज्यूहरू, संघीय योजना आयोगका सम्बन्धित सदस्यज्यू, राष्ट्रिय बाल अधिकार परिषद्का कार्यकारी निर्देशकज्यू सहित महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रीज्यूको संयोजकत्वमा समन्वय बैठक




सञ्चालन गर्ने, बालबालिका सम्बन्धी खण्डिकृत सूचना तथा जानकारी संकलन, व्यवस्थापन तथा सम्प्रेषणका लागि परिषद्ले नमुना ढाँचा तयार गरी प्रदेश सामाजिक मन्त्रालयहरूमा पठाउने र बालबालिका सम्बन्धी कार्यक्रमहरूको सञ्चालनमा नियमित रूपमा परिषद्ले प्रदेश सरकारसँग समन्वय गर्ने सहमती भएको छ ।


(ग) बाल हेल्पलाइन नं. १०९८ नेपाल, मकवानपुर, सुनसरी र मोरङ र मकवानपुर जिल्लामा सञ्चालित बाल सुधार गृहको अनुगमन गरी आवश्यक पृष्ठपोषण गरिएको छ।




## सूचना व्यवस्थापन तथा प्रतिवेदन सम्बन्धी

(क) परिषद्ले सञ्चालन गरिरहेको बालबालिका सम्बन्धी ई-पोर्टलमा विभिन्न सञ्चार माध्यम (इकान्तिपुर, सेतोपाटी, अनलाइन खबर, न्यूज अफ नेपाल, नयाँ पत्रिका, प्रशासन, अन्नपूर्ण पोस्ट, थाहा खबर र रातोपाटी) मा आएका ४६ वटा बालबालिका सम्बन्धी समाचारहरू अद्यावधिक गरी


सो को विश्लेषण गरिएको छ । समाचारहरूबाट कात्तिक महिनामा मात्र ६६ जना बालबालिका पीडित तथा प्रभावित भएको देखिएको छ। यस सम्बन्धी विवरण तलको ग्राफमा दिएको छ ।




उक्त घटना मध्ये १४ वटालाई सम्बोधन गरिएको छ जसमाः बलात्कारका ७ बालश्रम सम्बन्धी २, बाल विवाह सम्बन्धी ३, उद्धार सम्बन्धी १ र हराएका १ वटा रहेका छन् ।

## कोभिड १९ र बालबालिका

(क) कोभिड-१९ को महामारी शुरू भएदेखि २०७७ कात्तिक मसान्तसम्म २० वर्षसम्मका २० हजार ५०० जना बालबालिका (किशोरकिशोरी) प्रभावित भएको देखिएको छ भने १० वर्षसम्मका ५,६२१ बालबालिका (३,३२३ बालक र २,२९८ बालिका) प्रभावित भएको देखिन्छ । प्रभावित बालबालिकाको तथ्याङ्क तलको ग्राफमा प्रस्तुत गरिएको छ।




***राष्ट्रिय बाल अधिकार परिषद्को बालबालिका सम्बन्धी नीति, योजना तथा सञ्चालित कार्यक्रमहरूको बारेमा थप सूचना, जानकारीको लागि परिषद्मा कार्यालय समयमा सम्पर्क गर्नुहुन जानकारी गराइन्छ ।***

रामबहादुर चन्द
सूचना अधिकारी
राष्ट्रिय बाल अधिकार परिषद्
सम्पर्क नं. ०१-५५५०१२१ (कार्यालय)
९८४१३८६८७१ (मो.)
इमेलः- ram@ncrc.gov.np, rambdrchand@gmail.com, contact@ncrc.gov.np
वेवसाइटः-www.ncrc.gov.np,
ई-पोर्टलः- www.childrights.gov.np
Facebook:- https://www.facebook.com/ncrc.nepal.5, https://www.facebook.com/ncrcnepalgov
Twitter:- https://twitter.com/ChildNcrc